# प्राङ्गण केसीसीको, शिक्षा आमसञ्चारको


## रामकृष्ण रेग्मी


### आमसञ्चार शिक्षाको परिवेश

आमसञ्चार शिक्षालाई बेग्लै विधा भनेर अध्ययन गर्ने कि कसैसँग गाँसेर हेर्ने भन्ने विषयको पनि आफ्नै कथा छ । विकासक्रमको हिसाबमा सञ्चार जेठो हो, आमसञ्चार कान्छो हो । सञ्चारलाई एक किसिमले मानव सभ्यतासँगै सुरु भएको हो भन्न सकिन्छ । आमसञ्चार पछिको सिर्जना हो, अझ भन्ने हो भने पत्रपत्रिका निस्कन थालेको अनेकौं वर्षपछि, रेडियोको दब्दबा सुरु भएको धेरैपछि मात्र एक विधाको रूपमा व्यवहार गर्न थालिएको हो ।[१] यूरोप, अमेरिका र अन्यत्र पनि सञ्चारलाई पहिले भाषाअन्तर्गत अध्ययन/अध्यापन गर्ने प्रचलन थियो । पछि क्रमशः त्यसलाई समाज वा संस्कृति विषयक विधासँग जोडेर, अनि पत्रकारिता, पत्रपत्रिकासँग आबद्ध गरेर पढ्ने चलन बढेको हो । सन् १९८० र १९९० को दशकपछि मात्र आमसञ्चारका अनेक विधालाई विभिन्न विषय मानी तिनको उच्च शिक्षा अध्ययन/अध्यापन गर्न थालिएको हो ।[२]

आमसञ्चारको शिक्षा कसरी दिने ? कुन तहमा दिने ? विद्यालय, महाविद्यालय, विश्वविद्यालयमा त्यसलाई कसरी व्यवस्थापन गर्ने ? सञ्चार तालिम संस्थाबाट प्रदान हुने आमसञ्चार प्रशिक्षणलाई कसरी निर्देशित गर्ने ? पाठ्यक्रम कसरी

---

[१] सञ्चार अध्ययन र अध्यापनको प्रणाली विश्लेषणसम्बन्धी अङ्ग्रेजी लेखनलाई औंल्याएर आमसञ्चारविद्ले उद्धृत गर्ने गरेको कथन ।

[२] यूरोप र संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयको आमसञ्चार शिक्षाको तुलनात्मक विश्लेषणमा आधारित ।


*मिडिया अध्ययन* १: २३१-२३८, २०६३

विकसित गर्ने ? यी सबै प्रश्न महत्त्वपूर्ण छन् । तर यिनको उत्तर भने विश्वभर नै एकै किसिमको छैन । सबै देशले आफ्नो आवश्यकतानुसार प्रक्रिया विकास गरेको पाइन्छ । कतै योजनाबद्ध हिसाबबाट आमसञ्चार प्रशिक्षण प्रदान गरिएको पाइन्छ, त कतै समयको माग र समाजको आवश्यकताले खोजेको आधारमा यसको व्यवस्था भएको देखिन्छ ।

आमसञ्चार शिक्षाको आवश्यकताका सम्बन्धमा केही व्यवसायीहरूको भिन्न मत छ । तिनका विचारमा आमसञ्चार अभ्यासबाट सिकिने कुरा हो । यसका लागि कहाँ कक्षाको, शिक्षकको र पाठ्यक्रमको व्यवस्था गर्ने ? संसारमा धेरै आमसञ्चारकर्मीहरू समाचार कक्षबाट उत्पादित छन्, अनेक उद्घोषकको जन्म पनि स्टुडियोमा भएको हो, टेलिभिजन प्रस्तोताहरू पनि पर्दाको अनुभवबाट प्रशिक्षित भएका छन् । नेपालमा पनि यो अवधारणाले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । अभ्यासबाटै आमसञ्चार भनेर जोड दिने व्यवसायीलाई आलोचना गर्नु आवश्यक छैन । त्यो एक विकल्प हो, जुन वैज्ञानिक छ, काम गर्दै सिक्दै जाने हो । पत्रकारिता गर्दागर्दै पत्रकारितामा दक्षता हासिल गर्ने कुरालाई चुनौती दिनु आवश्यक पनि छैन ।

आमसञ्चार कार्य गर्न चाहने, तर अभ्यास गर्ने अवसर नपाउनेहरूका लागि आमसञ्चार व्यवसायमा दक्ष, प्रशिक्षित तुल्याउनका निमित्त विश्वसनीय विकल्पको रूपमा आमसञ्चार शिक्षा प्रणाली आएको हो । यसले सङ्गठित रूपमा यस क्षेत्रमा भएका अनुभव, प्रविधि, सीप तथा ज्ञानलाई बाँड्ने प्रबन्ध गरेको हुन्छ र सञ्चारकर्मी बन्न चाहने विद्यार्थीका लागि यो भर पर्दो व्यवस्था हो । प्रशिक्षित भएपछि अभ्यासमा जानका लागि पनि यसमा थुप्रै प्रावधान राखिएको हुन्छ । विद्यालय र उच्च शिक्षाको प्रावधानअनुरूप विषयगत रूपमा यसलाई विद्यार्थीमाझ उपलब्ध गराउने सन्दर्भमा अनेक तहका यसका अध्ययन विकसित भएका हुन् ।

विश्वका अन्य देशमा आमसञ्चार शिक्षाको प्रारम्भ भाषासँग जोडेर भएजस्तै एक अर्थमा त्यही क्रम नेपालमा पनि देखिएको हो । रत्नराज्य क्याम्पसमा पत्रकारिता अध्यापन थाल्नका लागि राजाबाट हुकुम हुनुपरेको र त्यो बेला यो अङ्ग्रेजी विषयअन्तर्गत पढाइएको प्रसङ्ग धेरैलाई थाहा छ । सन् १९७६ मा १६ विद्यार्थी[३] लिएर सुरु भएको कार्यक्रम अहिले प्रमाणपत्र, स्नातक हुँदै स्नातकोत्तर तहसम्म झाङ्गिइसकेको छ– विधागत रूपमा, अध्यापन आधारको रूपमा तथा

[३] रत्नराज्यलक्ष्मी क्याम्पसको विभागीय तथ्याङ्क ।

शैक्षिक कार्यक्रमको रूपमा । सन् १९८४ मा नेपाल प्रेस इन्स्टिच्यूटले पत्रकारितालाई केन्द्रविन्दु बनाई तालिम थालेर आमसञ्चार शिक्षाको विस्तारमा सघाएको हो । त्यो क्रम अहिले व्यापक हुँदै विराटनगर, बुटवल र नेपालगञ्जस्थित क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूबाट पनि कायम राखिएको छ । आमसञ्चार शिक्षालाई व्यवसायिक आयाममा विशेष रूपले गाँसेर एक कदम अघि बढाउन एक दशकदेखि कार्यरत मिडिया प्वाइण्टको योगदान पनि भुल्न सकिन्न । आमसञ्चारमा लैङ्गिक समानताको विषयलाई केन्द्रमा राखेर सञ्चारिका समूहले सन् १९९६ देखि आफ्नै ढङ्गमा यस क्षेत्रमा योगदान पुऱ्याएको कुरा उल्लेखनीय छ । संस्थागत योगदानबाहेक निजी क्षेत्रमा हेर्दा सेफर्ड कलेजले मिडिया टेक्नोलोजी (आमसञ्चार क्षेत्रमा प्रयोग गरिने प्रविधि र सञ्चारसम्बद्ध उपकरणसम्बन्धी विधाको अध्ययन) मा र कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसनले स्नातक तहमा एक र स्नातकोत्तर तहमा दुई कार्यक्रम सञ्चालन गरेर सारपूर्ण योगदान पुऱ्याएको पाइन्छ । उच्च माध्यमिक तहमा यो विषय परिचित गराएको केही वर्षमा नै विद्यार्थीमाझ प्रिय भएको छ । यही लोकप्रियताको पछिल्लो उदाहरण काठमाडौं विश्वविद्यालय आमसञ्चारको अध्ययन/अध्यापनमा २०६२ माघदेखि आकृष्ट भएको कुरालाई लिन सकिन्छ ।

## कान्तिपुर सिटी कलेज र आमसञ्चार शिक्षा

कान्तिपुर सिटी कलेज (केसीसी) ले आमसञ्चार तथा पत्रकारिताको स्नातकोत्तर (एमएएमसीजे) कक्षामा पाँचौं समूहलाई २०६२ माघमा स्वागत-अध्यापन गरेपछि यस दिशातर्फको सो अध्ययन संस्थानको यात्रा वास्तवमा दशकको उत्तरार्द्धमा प्रवेश गरेको हो । पाँच वर्षको निरन्तर शैक्षिक व्यायामले यस किसिमको शिक्षालाई केसीसी प्राङ्गणमा स्वस्थ रूपमा स्थापित गरेको छ । एमएएमसीजेको अध्यापनमा स्तरीयता कायम गर्न, नियमितता तथा निरन्तरता प्रदान गर्नका लागि कलेजले पहिले डिपार्टमेण्ट अफ मास कम्युनिकेसन एण्ड जर्नालिजम र अहिले स्कूल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेज अन्तर्गतको संरचनामा आमसञ्चार शिक्षा प्रदान गर्ने व्यवस्था मिलाएको छ । यस संरचनामा विभिन्न सङ्काय, कार्यक्रम संयोजक तथा विभागीय प्रमुखहरू रहेर कार्यक्रम चालू छ । यो संरचनामा अनुसन्धान तथा प्रविधिको फाँटलाई पनि विशेष प्राथमिकताका साथ सञ्चालन गरिएको छ । यिनै आधारमा अध्ययनका क्रममा विद्यार्थीहरूबाट हुने अनुसन्धानलाई निर्देशन गरिन्छ ।

अनेक विषयमा स्नातक तह पार गरेपछि उच्च शिक्षामा आमसञ्चार तथा पत्रकारिता अध्ययन गर्न चाहनेका लागि एक अवसरको रूपमा रहेको उक्त विषयको अध्ययन कार्यक्रम नेपालमा नौलो प्रयोग नै हो । यसमा सहभागी हुन चाहनेको सङ्ख्याले प्रयोगलाई उत्साहित गरेको कलेजका प्रिन्सिपल प्रह्लाद कार्की बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “आमसञ्चार तथा पत्रकारिताको उच्च शिक्षा कलेजको प्रस्तावना हो, यसलाई निरन्तर तुल्याउने कार्य सम्बद्ध प्राध्यापक र विद्यार्थीबाट भएको हो, अहिले यो स्थापित भएको हेर्न पाउनु प्रेरक प्रसङ्ग हो ।” यस्तै केसीसीका निर्देशक सुमन कटवालको विचारमा एमएएमसीजेको अध्यापन कलेजको निमित्त एक नयाँ सेवा–आयाम हो, सूचना प्रविधिको साथै आमसञ्चारको शिक्षा उपलब्ध गराएर जनशक्तिको विकासमा सघाउने इच्छाको अभिव्यक्ति हो । कटवाल थप्नुहुन्छ, “आमसञ्चारलाई गहन रूपमा देशभर फैलाउने उच्चस्तरीय दक्ष जनशक्तिको उत्पादन गर्न आवश्यक पाइला चाल्ने हिसाबले कलेजमा यो कार्यक्रमको दियो बालिएको हो, यसको प्रकाशमा रम्न रमाउन विद्यार्थीले प्रदर्शन गरेको चासो उल्लेखनीय रूपमा उत्साहवर्द्धक छ ।”

केसीसी अध्ययन र अध्यापनमा आमसञ्चार तथा पत्रकारिता गाँसिएको सम्बन्धमा कलेजका अध्यक्ष हेमन्तशमशेर राणाले विभिन्न कार्यक्रममा समयको मागअनुरूपको कार्य भनेर अभिव्यक्ति दिनुभएको छ । सूचना प्रविधिलाई सञ्चारसँग गाँसेर नयाँ पुस्तालाई शिक्षा दिने कार्यको उहाँहरूबाट सराहना भएको छ । अन्य विद्वानबाट पनि त्यस्तै उद्‌गार व्यक्तिएको देखिन्छ । दक्षिण कोरियाको आजू विश्वविद्यालयले त केसीसीसँग शैक्षिक भ्रातृसम्बन्ध जोडेको छ ।[४] कान्तिपुर सिटी कलेजले अन्तरविषयको महत्तालाई ध्यानमा राखेर कुनै पनि विषयका स्नातकलाई दुई वर्षको उच्च अध्ययनबाट आमसञ्चार क्षेत्रको ज्ञान र अभ्यास दिने जमर्को गरेको हो । अहिलेसम्मको अनुभवबाट यो उपयोगी साबित भएको छ । कालान्तरमा आवश्यक परिवर्तन गर्दै जानुपर्ने कुरा आफ्नो ठाउँमा छ । एसएलसीपछि छ वर्ष आमसञ्चार तथा पत्रकारिता पढ्नेलाई मात्र त्यसको उच्च शिक्षा वा एमए पढ्न दिनुपर्ने परम्परागत मूल्यबाट प्रभावित भएकाहरूलाई यो कुरा पचाउन अलि अप्ठेरो पनि हुनसक्छ र तिनले यसमा प्रश्न चिन्ह लगाउन पनि सक्छन् । तिनको अवधारणाको सम्मान हुनुपर्छ तर तिनलाई प्रतिप्रश्न गर्नु

[४] यो सामान्य अन्तरविश्वविद्यालय सम्बन्ध हो जसका आधारमा विश्वविद्यालय वा कलेजबीच शिक्षक, विद्यार्थी र कार्यक्रमको सहयोगात्मक आदानप्रदान हुन्छ । यस्तो सम्बन्ध प्राविधिक विषयमा पनि सुरु भइसकेको छ ।

आवश्यक छैन । तिनलाई पत्रकारितामा स्नातकोत्तरको दार्शनिक आधारभूमि नै आमसञ्चारको अध्ययनलाई अन्तरविषयगत समायोजनबाट भएको हो भन्ने कुराको हेक्का राख्न अनुरोध भने गर्नुपर्ने हुन्छ । यस्तो प्रावधानबाट विषयलाई प्राविधिक रूपले, व्यवसायिक ढङ्गले र प्राज्ञिक हिसाबले अध्ययन अभ्यास गर्न नसकिने होइन ।

कान्तिपुर सिटी कलेजको आमसञ्चार शिक्षालाई उपरोक्त परिवेशमा हेर्दा यसको बृहत् दर्शन सूचना समाजको भिजनबाट अभिप्रेरित भएको देखिन्छ । अरू संस्थाले जस्तै केसीसी पनि पत्रकारिता विधामा आफ्नो ढङ्गले योगदान दिन प्रतिबद्ध छ । सीपसम्पन्न सञ्चार जनशक्ति उत्पादन गरेर मुलुकको सूचना प्रवाह क्षेत्रलाई गतिशील र सशक्त पार्न चाहन्छ ।

अध्ययन अध्यापनका निमित्त कलेजले पूर्वाञ्चल विश्वविद्यालयबाट स्वीकृत पाठ्यक्रमलाई अपनाएको छ । सेमेस्टर प्रणालीअन्तर्गत यसलाई दुई वर्षको चार सेमेस्टरमा विभाजन गरिएको छ । सेमेस्टरको शैक्षिक आवश्यकतानुसार कलेजले विद्यार्थीका निमित्त व्यवहारिक सीप अनुभव हासिल गर्ने आधार तय गरेको छ । यस सन्दर्भमा कम्प्युटर प्रयोगशाला, फोटोग्राफी प्रयोगशाला, अडियो स्टुडियो, कार्यशालामा आधारित टेलिभिजन अनुभव कार्यक्रमका अतिरिक्त अनुसन्धान सीप सिक्ने अवसर कलेजमा उपलब्ध छ । विद्यार्थीले आवश्यकतानुसार *थर्ड आई* नामक पत्रिका सञ्चालन गर्ने र कलेजको अनलाइन इन्फर्मेसन पोर्टलमा योगदान गर्ने प्रावधान पनि छ । प्रस्तावित प्रकाशन मिडिया डटकमले पनि यस दिशामा थप उर्जा प्रदान गर्नेछ । कान्तिपुर सिटी कलेजले पत्रकारिता तथा आमसञ्चार अध्ययन कार्यक्रमको उद्देश्यलाई यसरी उल्लेख गरेको छः

- आमसञ्चार पेशा वा संस्थामा कार्य गर्नका लागि आवश्यक सञ्चार विषयक ज्ञान र सीपको आर्जन गरी विद्यार्थीलाई सशक्त तुल्याउनु,
- आमसञ्चारको अध्ययन र अभ्यासका लागि आवश्यक शोध सीपको व्यवहारिक ज्ञानमा विद्यार्थीलाई अभ्यस्त पार्नु,
- सञ्चार संस्था वा क्षेत्रमा नेतृत्व तहमा निर्णायक भूमिका निर्वाह गर्नसक्ने जनशक्ति तयार गर्नु,
- विद्यार्थीलाई आमसञ्चारमा सूचना प्रविधिको उपयोग गर्नमा पारङ्गत बनाउनु,
- पत्रकार, सञ्चारक, र आमसञ्चार व्यवस्थापक बन्नका लागि आवश्यक सीप र ज्ञान उपलब्ध गराउनु,

- स्नातकोत्तर तहपछिको उच्च शिक्षा हासिल गर्न सक्ने विद्यार्थी उत्पादन गर्नु ।[५]

## जनशक्तिको उत्पादन र खपत

पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर कार्यक्रमको पहिलो व्याचमा २१ जना विद्यार्थीले अध्ययन पूरा गरेको तथ्याङ्क छ। यस्तै दोस्रोमा १७ र तेस्रो समूहका १२ जनामध्ये अधिकांशले अध्ययन पूरा गर्नुभएको छ। चौथो समूहका ३० विद्यार्थीहरू अहिले तेस्रो सेमेस्टर अन्तिम परीक्षामा व्यस्त हुनुहुन्छ। पाँचौ समूहका ४२ जनाले गत २०६२ माघदेखि अध्ययन थाल्नुभएको हो। कलेजको यो कार्यक्रमप्रति युवामा देखिएको उत्साह उल्लेखनीय छ।

यो कलेजबाट स्नातकोत्तर उत्तीर्ण गरेर बाहिर जानुभएका सबैजसो अहिले टेलिभिजन, रेडियो, संयुक्त राष्ट्र सङ्घ, गैरसरकारी संस्था, विभिन्न कलेज, अनुसन्धान संस्था तथा अन्य कार्यालयमा कार्यरत हुनुहुन्छ। एक जना पुन उच्च शिक्षाका लागि अमेरिकास्थित इडाहो विश्वविद्यालय, एक जना अष्ट्रेलियाको न्यू साउथ वेल्स विश्वविद्यालयमा र एक जना संयुक्त अधिराज्यको यूनिभर्सिटी अफ स्टर्लिङमा जानुभएको छ। उहाँहरूले क्रमशः सिर्जनात्मक सञ्चार, साइबर पत्रकारिता र जनसम्पर्क सञ्चारमा विशेष स्नातकोत्तर अध्ययन गर्दै हुनुहुन्छ। एक जना क्रियाशील सम्पादकले नेपालमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्दै हुनुहुन्छ।

## गन्तव्य

आमसञ्चार शिक्षाको गन्तव्य कता हो भन्नेमा समय समयमा चर्चा परिचर्चा चले पनि र यदाकदा मतभिन्नता भए पनि मूलतः केही बुँदामा सञ्चारविद्हरू विशेष जोड दिने गर्छन्। कान्तिपुर सिटी कलेजले पनि आमसञ्चार शिक्षामा तिनैलाई मूल आधारको रूपमा स्थापना गरेर अघि बढिरहेको छ। सम्पूर्ण आमसञ्चार माध्यममा केही न केही किसिमको प्रस्तुति संरचना रहेको हुन्छ, तिनलाई बुझ्न, बुझाउन र आवश्यक पर्दा उत्पादन गर्न सक्ने जनशक्ति पैदा गर्न कलेज दृढ छ। संसारको वास्तविक तस्बिर दुरुस्त तयार गर्ने र त्यसलाई जनमानसमा पस्कने कार्यमा आमसञ्चार निरन्तर संलग्न भइरहेको हुन्छ, यस

---

[५] आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर तह सञ्चालन गर्न केसीसीले २००१ जुलाई ९ मा पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपतिसहित वरिष्ठ सञ्चारकर्मी एवं शिक्षाविद्को सहभागितामा भएको गोष्ठीमा प्रस्तुत सुझावसहितको प्रतिवेदनमा उल्लिखित।

क्रममा आइपर्ने हर प्रक्रिया, चरणका प्राज्ञिक, प्राविधिक र सञ्चारगत विषय र प्रसङ्गलाई बुझ्ने र त्यसमा नेतृत्व, नीति निर्णय लिने क्षमतासम्पन्न व्यक्ति तयार गर्ने कुरालाई कलेजले प्राथमिकता दिएको हुन्छ ।

केसीसीले आमसञ्चारको शिक्षामा किन प्रवेश गरेको होला ? यो प्रश्न समय समयमा उठिरहन्छ । कलेजका युवा संस्थापकहरूले उच्च शिक्षालाई सूचना र प्रविधिमा आधारित जीवनोन्मुख बनाउने दिशामा आफूलाई होम्न र राष्ट्रिय शैक्षिक क्षेत्रमा सारपूर्ण योगदान दिने सङ्कल्प गरेका कारण नै यसले कलेजमा स्थान पाएको हो । उच्च शिक्षाले एक किसिमको नौलो कोल्टो फेरेको बेला यो विषयको अध्यापन गर्ने केसीसीको अठोट ज्ञान सीपको प्रवाह निरन्तर भइरहनु पर्छ भन्ने मूल्य एवं मान्यतामा आधारित छ ।

आमसञ्चारभित्रका अनेक माध्यमको आफ्नै शैली, विधि, विधा र प्रक्रिया हुन्छ, सबै माध्यम भए पनि तिनको प्रकृति फरकफरक हुने भएकोले र कार्यशैलीमा पनि अन्तर हुने भएकोले यी सबैको परिचयात्मक अध्ययन गराई व्यक्तिगत रुचि वा दखलको विधामा विशिष्टता हासिल गर्न विद्यार्थीलाई आमसञ्चारको शिक्षामार्फत केसीसीले मद्दत पुऱ्याउने विश्वास लिइएको छ ।

## अन्तमा

केसीसीले अँगालेको पत्रकारिता तथा आमसञ्चार शिक्षामा यथार्थमा चार विधाको सङ्गम पाइन्छ ।[६] पहिलो, चौथो अङ्गको पूर्ण स्वरूपलाई व्यवहारिक र प्राज्ञिक रूपमा ग्रहण गर्ने अवसर मिल्छ । दोस्रो, सूचना प्रविधिका अद्यावधिक उपकरण र विधिलाई हातका औँलाले टिप्न सकिने सीप प्रदान गरिन्छ । तेस्रो, कक्षाकोठामा ग्रहण गरेको सीप, कुशलता र ज्ञान भण्डारलाई बाहिर विश्वमा (कर्मथलोमा) प्रयोग गर्न विद्यार्थीलाई सक्षम तुल्याउनका लागि कलेज सहजकर्ता भइरहेको हुन्छ । र चौथो, शिक्षा र आमसञ्चार संस्थाको आवश्यकतालाई केलाएर प्रभावकारिता ल्याउने प्रयास भएको हुन्छ । आमसञ्चार शिक्षाबाट व्यक्ति सही अर्थको मानवीय संसाधनको रूपमा परिणत हुन्छ र सूचना–समाजको सेवामा प्रभावकारिता ल्याउन समर्थ हुन जान्छ ।

आमसञ्चार भन्नासाथ गाँसिएर आउने मानव जाति, उसको वातावरण र समाज हो । तिनलाई नियाल्ने र जिम्मा लिने संस्था भएकाले पाठक, श्रोता, र द्रष्टाले आमसञ्चारका सामग्रीबाट के अर्थ लाउँछन् भन्नेमा सधैँ चिन्तनशील

---

[६] केसीसीबारे प्रकाशित पुस्तिकामा उल्लिखित मूल्य मान्यता ।

हुनुपर्ने आवश्यकता छ। यस क्रममा आमसञ्चार शिक्षाले विविध अर्थ दिने सामग्री उत्पादन गर्ने र तिनको अर्थ जनताले कसरी लगाउने भन्नेमा अनेक शैली र विधिको चर्चा गर्छ र त्यससम्बन्धी तालिम विद्यार्थीलाई प्रदान गर्छ। आमसञ्चारमा रहेको व्यापारिक आयाम, स्वामित्वको पक्ष र राजनीतिक मूल्य र मान्यताका कुरालाई कसरी खास परिवेशमा बुझ्ने र तिनलाई समाज र जनताको हितका लागि सधैँ निष्पक्ष भएर सन्तुलनमा राख्ने भन्ने सीपको सञ्चार यही शिक्षाले गर्छ।